# रामग्राम नगरपालिका कार्यालय

## परासी, नवलपरासी

### आ.व. २०७१/७२ को अन्तिम लेखापरीक्षण प्रतिबेदन

प्रेम नारायण खनाल
रजिष्टर्ड लेखापरिक्षक
तिलोत्तमा नगरपालिका
वडा नं.२ शंकरनगर, रुपन्देही

**पी.एन.खनाल एण्ड एसोसिएट्स**
**रजिष्टर्ड अडिटर्स रुपन्देही**
**प्रमाणपत्र नं. ४४०३**
**पान नं. ३०१२६४६३५**

**तिलोत्तमा न.पा.२ शंकरनगर**
**फोन नं. ०७१४१४३६०**
**मोबाइल नं. ९८४७०२०८४७**

---

**श्रीमान कार्यकारी अधिकृत ज्यू,**
**रामग्राम नगरपालिकाको कार्यालय, परासी ।**

**मिति २०७२/०९/१९**

**विषय : आ.व. २०७१/०७२ को लेखापरिक्षण प्रतिवेदन पेश गरेको सम्बन्धमा ।**

**हामीले तहाँको पत्र संख्या २०७१/०७२ च.नं.७८९४ मिति २०७२/०३/३० को नियुक्ति पत्रानुसार श्री रामग्राम नगरपालिकाको, आ.व. २०७१/०७२ को आय व्यय विवरण र पेश भए सम्मका श्रेष्ताहरुको आधारमा लेखापरीक्षण सम्पन्न गरेका छौ । वित्तिय विवरणहरु प्रतिको उत्तर दायित्व नगरपालिका व्यवस्थापनमा रहेको छ । नगरपालिका व्यवस्थापनले तयार पारेको ती वित्तिय विवरण उपर लेखापरीक्षणको आधारमा आफ्नो राय प्रदान गर्नु हाम्रो दायित्व हो ।**

**लेखापरीक्षणको सर्वमान्य सिद्धान्त प्रचलन र नेपाल लेखापरीक्षणमान समेतका आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । वित्तिय विवरणहरु सारभूत रुपमा गलत आकडा रहित भए नभएको सम्बन्धमा विश्वस्त हुन ती सिद्धान्त र प्रचलन मानबमोजिम लेखापरीक्षण योजना तयार गरी तदनुसार लेखापरीक्षण गर्नु पर्दछ । वित्तिय विवरणमा उल्लेखित रकम र खुलाइएका अन्य विवरणलाई पुष्ट्याई गर्ने प्रमाणको छड्के परीक्षण समेत लेखापरीक्षणमा समावेश हुन्छ । नगरपालिकाले अवलम्बन गरेका लेखा सिद्धान्त व्यवस्थापनले गरेका महत्वपूर्ण अनुमान एवं वित्तिय विवरण प्रस्तुतीको समग्र स्थितिको मूल्याँकन पनि लेखापरीक्षणमा समावेश हुन्छ । लेखापरीक्षणले हाम्रो रायलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौ ।**

**उपर्युक्त आधारमा लेखापरीक्षण गर्दा**

**१. लेखापरीक्षण सम्पन्न गर्न आवश्यक पर्ने सूचना, स्पष्टिकरण कैफियत भएका कुराको जवाफ समयमा पायौ ।**
**२. संलग्न विवरणहरु नगरपालिकाले राखेको लेखासँग दुरुस्त रहेका छन् ।**
**३. हामीले लेखापरीक्षण गरेको स्रेस्ताहरुको आधारमा नगरपालिकाको कारोवार सन्तोषजनक रहेको पाइयो ।**
**४. हाम्रो रायमा संलग्न वित्तिय विवरणले नेपाल लेखामान तथा प्रचलित सिद्धान्त अनुसार २०७२ आषाढ मसान्तको यथार्थ एवं समुचित चित्रण गर्दछ ।**
**५. हामी हाम्रो रायलाई प्रतिकुल असर नपर्ने गरी लेखापरीक्षणको व्यहोरा छुट्टै पानामा पेश गरेका छौ. ।**
**६. गोश्वारा भौचर सफ्टवेयरमा** Entry **गरी सोको आधारमा विवरणहरु बन्ने गरेका छन । जस अनुसार प्रोद्भावी लेखाप्रणाली** (Accruel Accounting System) **लाई आगामी दिनमा सरल ढंगबाट अवलम्बन गर्न सकिने देखिन्छ ।**
**७. हामीले पाए सम्मको जानकारीका आधारमा नगरपालिकाका कुनै पनि कर्मचारीले कानुन विपरित बेहिसाब र मस्यौट गरेको पाईएन ।**

**प्रेम नारायण खनाल**
**दर्तावाला लेखापरिक्षक**
**पेशागत प्रमाण पत्र नं. ०४९६**
**वर्ग 'ख'**

*बोधार्थ*

- श्री संघीय मामिला तथा स्थानिय विकास मंत्रालय, नगरपालिका व्यवस्था शाखा श्रीमहल पूल्चोक ललितपूर
- श्री महालेखा परिक्षकको कार्याल बबर महल काठमाण्डौं
- श्री नेपाल चार्टड एकाउण्टेण्ट संस्था कार्यालय
- श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, परासी

## रामग्राम नगरपालिका परासीको आ.व. २०७१/७२ को लेखा सम्बन्धि प्रमुख टिप्पणीहरु

उपरोक्त विषयमा ताहाँबाट पेश भएका खाता र विल भरपाई समेतका कागजात र बताईएका आधारमा आ.व. २०७१/७२ को लेखापरीक्षण गरी लेखा टिप्पणीहरु पेश गरेको छु।

१. नेपाल लेखामानले तोकिए अनुसार स्थायी सम्पत्ती मुल्याङ्कन गरी वासलात सहितको विवरण राख्न सुझाव दिन चाहन्छु।
२. आय तर्फ, नगदी रसिदलाई मुख्य आधार बनाईएको छ।
३. सरकारी रकमको निकासाको आधारमा आम्दानी जनाईएको छ।
४. जिन्सी प्रसाशनमा खरिद आदेश, दाखिला रिपोर्ट र माँग फारामबाट व्यवस्थापन गर्ने परिपाटी रहेको छ।
५. अधिकारप्राप्त अधिकारीको स्वीकृतीको आधारमा खर्च गर्ने गरिएको छ।
६. गोश्वारा भौचर सफ्टवेयरमा Entry गरी सोको आधारमा विवरणहरु बन्ने गरेका छन । जस अनुसार प्रोद्भावी लेखाप्रणाली (Accruel Accounting System) लाई आगामी दिनमा सरल ढंगबाट अवलम्बन गर्न सकिने देखिन्छ।
७. विकास निर्माण गर्दा वार्षिक खरिद योजना तथा वार्षिक कार्य योजना अनुरुप टेण्डर, कोटेशन, सिधै खरिद र उपभोक्ता समिती मार्फत गर्ने गरिएको छ।
८. जनसहभागीता मुलक कार्य गर्दा उपभोक्ता समिति गठन गरी सो समिति मार्फत भएको कार्यको मुल्याङ्कनको आधार लिई सम्झौता अनुसार कार्य गर्ने गरिएको छ र सम्झौता अनुसार रकम भुक्तानी गर्ने गरिएको छ।
९. आन्तरिक नियन्त्रण सम्बन्धमा स्टोर, राजश्व, लेखा योजना आदीको व्यवस्था गरी ती फाँटहरु संलग्न गराई कार्य गरिने गरेको छ र लेखा परिक्षण संस्थागत रुपमा भरपर्दो भएको सोलाई आधार लिई लेखापरीक्षण योजना बनाई लेखा परीक्षण सम्पन्न गरिएको छ।
१०. पेश्की दिंदा सम्बन्धित शिर्षकमा खर्च लेखेर दिने गरिएको छ र समायावधि र उद्धेश्य तोकि सोहि समयमा फरफारक हुन व्यवस्था मिलाउन जरुरी छ।
११. गत विगतको बाँकी रकम जिम्मेवारी सार्ने गरिएको छ।
१२. विकास खर्चमा ईष्टिमेट, नक्सा, ड्रईंग डिजाईनको आधारमा प्राविधिक नाँप जाँच गरि प्राप्त कागजातको आधारमा निर्माण सम्पन्न गरी भुक्तानी हुने व्यवस्था रहेको छ।
१३. स्टोरमा दाखिला भए पछि खर्च भएर जाने सामानलाई माग फारमको आधारमा खर्च जनाउने गरिएको छ।
१४. एकिकृत सम्पत्ती कर, व्यवसाय कर, सवारी दर्ता कर शुल्क, विज्ञापन एजेन्सीज तथा बहालकरको लगत कायम गरी कर असुल गर्ने व्यवस्था मिलाउन सुझाव दिन चाहन्छु।
१५. टोल विकास संस्था, उपभोक्ता समिती, सामाजिक संघ संस्थाहरुले टोलको विकास निर्माण कार्य नगरपालिका संग साझेदारीमा सम्पन्न गरिसके पछि सार्वजनिक लेखा परिक्षण गराउनु पर्नेमा अधिकांश टो.वि.स. र उपभोक्ता समिति, सामाजिक संघ संस्थाहरुले सार्वजनिक लेखापरीक्षण गराएको देखिन्छ अन्य आंशिकको हकमा सो कार्य आगामी दिनमा अनिवार्यरुपमा गराउनु पर्ने सुझाव दिईन्छ।
१६. ईन्धन खर्च गर्दा लगबुक अनिवार्य व्यवस्था गर्न सुझाव दिन चाहन्छु।

रामग्राम नगरपालिकाको आ.व. ०७१/७२ को निम्न बमोजिमका शिर्षकहरुको आन्तरिक लेखा परिक्षण सम्पन्न गरि पेश भएका श्रेस्ताहरु समेतको आधारमा अन्तिम लेखापरिक्षण सम्पन्न गरि वार्षिक आर्थिक विवरण संलग्न टिप्पणीका आधारमा प्रमाणित गरिएको छ। गत विगत आ.व. को लेखापरिक्षण प्रतिवेदनमा औंल्याईएको बेरुजु उपर १९औं नगरपरिषदको निर्णय नं.५८ बमोजिम बेरुजुहरु सम्परिक्षण गरी फछ्यौंट गर्ने निर्णय भई आएकोले सोको सम्परिक्षण गरि उक्त बेरुजुको लगत सम्बन्धित आ.व.को बेरुजु अभिलेखबाट कट्टा गर्ने सुझाव दिईएको छ।

- नगरपालिकाको कोष (Municipal Fund) विवरण
- न.पा. अनुदान चालु तथा पुजीगत व.शि.नं. ३६५८०३३ आ.वि.
- स्थानीय विकास शुल्क कोष चालु तथा पुजीगत ब.शि.नं.३६५८१७३ आ.वि.
- स्था.यातायात पूर्वाधार क्षेत्र कार्यक्रम पूजीगत ब.शि.नं. ३६५८०८४ आ.वि.
- स्थानीय शासन तथा सा.वि.का. ३६५८१९३ आ.वि.
- स्थानीय शासन तथा सा.वि.का. ३६५८१९४ आ.वि.
- स्थानिय शान्ती समिति ब.शि.नं. ३४९८०१३
- नगरपालिकाको आन्तरिक आय
- न.पा. आन्तरिक चालु तथा पुजीगत
- वातावरण मैत्री स्थानीय शासन कार्यक्रम ब.शि.नं. ३६५८४६३
- वातावरण मैत्री स्थानीय शासन कार्यक्रम ब.शि.नं. ३६५८४६४
- युनीसेफ कार्यक्रम
- राजश्व बाँडफाड
- सडक बोर्ड नेपाल
- जगेडा कोष कार्यक्रम
- गाउँ नगर साझेदारी विकास कार्यक्रम
- सामाजिक सुरक्षा कार्यक्रम
- कर्मचारी कल्याण कोष
- मर्मत संभार कोष
- प्रकोप ब्यवस्थापन कोष
- सामाजिक परिचालन तथा गरिबी न्युनीकरण कोष
- धरौटी आ.वि.

प्रेम नारायण खनाल
दर्तावाला लेखापरिक्षक
पेशागत प्रमाण पत्र नं. ०४९६
वर्ग 'ख'

# रामग्राम नगरपालिका कार्यालय

## परासी, नवलपरासी

पत्रसंख्या : ०७२/०७३ मिति : २०७२/९/१

चलानी नं. :

विषय : सम्परिक्षण गरि दिनु हुन ।

**प्रेम नारायण खनाल**
**रजिष्टर्ड लेखापरिक्षक**
**तिलोत्तमा नगरपालिका वडा नं २**
**शंकर नगर, रुपन्देही**

प्रस्तुत विषयमा मिति २०७१/०५/२७ गते आ.व. २०७१/७२ को लेखापरीक्षणको प्रारम्भिक प्रतिबेदन प्राप्त भई व्यहोरा अवगत भयो । सो सम्बन्धमा प्रारम्भिक ले.प.प्रतिवेदनको निम्नानुसार बेरुजु दफामा औल्याईएका बेरुजुहरु फर्छ्यौटका लागि सम्बन्धित गोश्वारा भौचरहरुमा विल, भरपाई, तथा आवश्यक कागजात प्रमाण संलग्न गरिएकोले सम्परिक्षण गरि दिनु हुनुको साथै गत विगत आ.व.मा औल्याईएका उल्लेखित आधार प्रमाण साथ पेश भएकोले बेरुजुहरुको सम्परिक्षणका लागि १९औं नगरपरिषदको निर्णय नं. ५८ मा निर्णय भएकोले ती बेरुजुहरु समेत सम्परिक्षण गरि दिनु हुन अनुरोध छ ।

आ.व. २०७१/७२ को सं.प.का लागि पेश

| दफा | रकम रु. | पेश भएका प्रमाण |
|---|---|---|
| २ | ९५५०२।१६ | प्रमाणित लगबुक |
| ३ | १९०००।०० | दाखिला प्रतिबेदन |
| ४ | १६४८८।६७ | सम्झौताको प्रति |
| ५ | ५०००००।०० | प्रारम्भिक प्रतिबेदन |
| ७ | ४५१२।०० | ले.प. प्रतिबेदन |
| ९ | १७२९।०० | प्रमाण पेश |
| १० | ५०५७५।०० | भरपाई |

१९औ. नगरपरिषद्को निर्णय नं. ५८ अनुसार गत विगत आ.व.को पेश्की बेरुजु सं.प.का लागि पेश
१. जीवन सिंह के.सी. रामग्राम न.पा. वडा नं. ३ रु. १८२००।००
२. सृजना टो.वि.स. रामग्राम १ सहुवाटिकर रु. ९०००।००
३. खेम बहादुर थारु रामग्राम १ रु. १०००।००

..................
रोशन ज्ञवाली
कार्यकारी अधिकृत

आ.व. ०७१/७२

ब.शि.नं. : नगरपालिका आन्तरिक अनुदान चालु तथा पुजीगत

मन्त्रालय : संघीय मामिला तथा स्थानिय विकास मन्त्रालय

कार्यालय : रामग्राम नगरपालिका कार्यालय नवलपरासी

अवधि : ०७१ श्रावण १ गते देखि ०७२ अषाढ मसान्त सम्म

कार्यालय प्रमूख : जीवन ज्ञवाली / रोशन ज्ञवाली

लेखाअधिकृत : कुन्दन कुमार चौधरी

## बेरुजु विवरण

| सि.नं. | गो.भौ.नं. | मिति | व्यहोरा | नियमित रु. | असूल गर्ने रु. | पेश्की बाकी रु. | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | | | नगरपालिका आन्तरिक श्रोत चालू तर्फ रु. ८४६२५००।०० विनियोजन भएकोमा रु.७४९९८६४।८७ निकासा ट्रान्फर प्राप्त भई रु. ७४९९८६४।८७ खर्च भए गरेको पाईयो । | | | | |
| २ | | | नगरपालिका आन्तरिक श्रोत पूजीगत तर्फ रु. ९६९८३११।३८।०० विनियोजन भएकोमा रु. ८१७४३४७५१ निकासा ट्रान्फर प्राप्त भई रु. ८१७४३४७५१ खर्च भए गरेको पाईयो । | | | | |
| ४ | | | म्याद नाघेको पेश्की बाकी तथा अन्य बेरुजू नदेखिएको । | | | | |
| | | | ***जम्मा*** | ०।०० | ०।०० | ०।०० | ०।०० |

आ.व. ०७१/७२

ब.शि.नं. : बैदेशिक श्रोत तर्फ यूनीसेफ

मन्त्रालय : संघीय मामिला तथा स्थानिय विकास मन्त्रालय

कार्यालय : रामग्राम नगरपालिका कार्यालय नवलपरासी

अवधि : ०७१ श्रावण १ गते देखि ०७२ असाढ मसान्त सम्म

कार्यालय प्रमूख : जीवन ज्ञवाली / रोशन ज्ञवाली

लेखाअधिकृत : कुन्दन कुमार चौधरी

## बेरुजु विवरण

| सि.नं. | गो.भौ.नं. | मिति | व्यहोरा | नियमित रु. | असूल गर्ने रु. | पेश्की बाकी रु. | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | | | बैदेशिक श्रोत तर्फ यूनिसेफ कार्यक्रमको बिनियोजित बजेट रु. ६४५२००।००० निकासा रु. ६४५२००।००० र खर्च रु.४२८७००।०० खर्च भएको देखियो । | | | | |
| २ | | | म्याद नाघेको पेश्की बाकी तथा अन्य बेरुजू नदेखिएको । | | | | |

आ.व. ०७१/७२

ब.शि.नं. : स्थानीय बिकास शूल्कको जगेडा कोष कार्यक्रम

मन्त्रालय : संघीय मामिला तथा स्थानिय विकास मन्त्रालय

कार्यालय : रामग्राम नगरपालिका कार्यालय नवलपरासी

अवधि : ०७१ श्रावण १ गते देखि ०७२ अषाढ मसान्त सम्म

कार्यालय प्रमूख : जीवन ज्ञवाली / रोशन ज्ञवाली

लेखाअधिकृत : कुन्दन कुमार चौधरी

## बेरुजु विवरण

| सि.नं. | गो.भौ.नं. | मिति | व्यहोरा | नियमित रु. | असूल गर्ने रु. | पेश्की बाकी रु. | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | | | स्थानीय बिकास शूल्कको जगेडा कोष कार्यक्रमको विनियोजी बजेट रु. ३३२६९०००।०० निकासा रु. २८०४६०००।०० प्राप्त भई रु. २८०४६०००।०० खर्च भएको देखियो । | | | | |
| २ | | | म्याद नाघेको पेश्की बाकी तथा अन्य बेरुजू नदेखिएको । | | | | |

आ.व. ०७१/७२

ब.शि.नं. : ३६५८०८४ (स्थानीय यातायात पूर्वाधार क्षेत्र कार्यक्रम)

मन्त्रालय : संघीय मामिला तथा स्थानिय विकास मन्त्रालय

कार्यालय : रामग्राम नगरपालिका कार्यालय नवलपरासी

अवधि : ०७१ श्रावण १ गते देखि ०७२ अषाढ मसान्त सम्म

कार्यालय प्रमूख : जीवन ज्ञवाली / रोशन ज्ञवाली

लेखाअधिकृत : कुन्दन कुमार चौधरी

**बेरुजु विवरण**

| सि.नं. | गो.भौ.नं. | मिति | व्यहोरा | नियमित रु. | असूल गर्ने रु. | पेश्की बाकी रु. | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | | | स्थानीय यातायात तथा पुर्वाधार क्षेत्र कार्यक्रममा यस वर्ष रु.२०००००००।०० निकासा प्राप्त भई रु.२०००००००।०० नै फिर्ता भएको । | | | | |
| | | | | | | | |

आ.व. ०७१/७२

ब.शि.नं. : ३६५८०३३ (स्थानीय निकाय निशर्त पूजीगत अनुदान)

मन्त्रालय : स्थानिय विकास मन्त्रालय

कार्यालय : रामग्राम नगरपालिका कार्यालय नवलपरासी

अवधि : ०७१ श्रावण १ गते देखि ०७२ असाढ मसान्त सम्म

कार्यालय प्रमूख : जीवन ज्ञवाली / रोशन ज्ञवाली

लेखाअधिकृत : कुन्दन कुमार चौधरी

## बेरुजु विवरण

| सि.नं. | गो.भौ.नं. | मिति | व्यहोरा | नियमित रु. | असूल गर्ने रु. | पेश्की बाकी रु. | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | चालु खर्च तर्फ | | | | |
| १ | | | स्थानीय निकाय निशर्त पूजीगत अनुदान बजेट रकम नं. २६३२१ तर्फ यस वर्ष रु.१०४८४०००।०० निकासा प्राप्त भई रु.१०४८४०००।०० खर्च गरेको पाईयो । | | | | |
| २ | | | **स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६ मा रकम खर्च सम्बन्धि कार्यविधीको व्यवस्था अर्न्तगत उप नियम (६) मा खर्च भएका सबै रसिद बिल भर्पाइमा सिलसिलेवार नम्बर राखि आर्थिक प्रशासन शाखा प्रमुखले "भुक्तानी भएको" जनाई दस्तखत गरि प्रमाणि गर्नुपर्ने छ। भनेकोमा सो अनुसार गरेको नदेखिदा गर्नुपर्ने देखिन्छ।** | | | | |
| ३ | | | **जिन्सी तर्फ**<br>**जिन्सी सामान कम्प्युटरमा आम्दानी गरेकोमा ती सामान हराउने सम्भावना भएकोले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ३९ ले तोके अनुसार खर्च भएर जाने सामान अनुसुचि ५० मा र थप्ने सामान अनुसुचि ५१ मा राखि अद्यावधिक गर्नुपर्ने देखियो।** | | | | |
| ४ | **३९०** | **२०७२÷०३÷२८** | **रु ३२०१०७५।- खर्च लेखि सिरुभाई आई.सि.टी. ट्रेडिङ्गलाई रु.३१५५००७।- भुक्तानी गरेकोमा रु. ७८०७५/५० को बिल संलग्न भएको नदेखिदा बिल संलग्न गर्ने अन्यथा असुल गर्ने।** | ७८०७५।५० | | | ७८०७५।५० |
| | | | पुजीगत खर्च तर्फ | | | | |
| | **२०१** | **२०७२÷०२÷२५** | **रिद्धिसिद्धी मिष्ठान भण्डारलाई रु.७००००।- भुक्तानी दिदा १.५% अग्रिम आयकर कटाउनु पर्नेमा नकाटाएकोले असुल गर्नुपर्ने।** | | १०५०।०० | | १०५०।०० |
| | **३३७** | **२०७२÷०३÷३१** | **मर्मत सम्भार कोषमा रु.३५००००।- जम्मा गरेकोमा परिशदबाट रु.३१००००।- मात्र बिनियोजन भएकोले नियमित गराउनु पर्ने।** | ४००००।०० | | | ४००००।०० |
| | | | **स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ३४ अनुसार प्रशासनिक खर्च आन्तरिक आम्दानीको २५% सम्म मगर्न पाइनेमा सिमामा रहेको नदेखिदा प्रशासनिक खर्च नियन्त्रण गर्नु पर्ने देखिन्छ** | | | | |

आ.व. ०७१/७२

ब.शि.नं. : ३६५८०३३ (स्थानीय निकाय निशर्त पूजीगत अनुदान)

मन्त्रालय : स्थानिय विकास मन्त्रालय

कार्यालय : रामग्राम नगरपालिका कार्यालय नवलपरासी

अवधि : ०७१ श्रावण १ गते देखि ०७२ असाढ मसान्त सम्म

कार्यालय प्रमुख : जीवन ज्ञवाली / रोशन ज्ञवाली

लेखाअधिकृत : कुन्दन कुमार चौधरी

## बेरुजु विवरण

| सि.नं. | गो.भौ.नं. | मिति | व्यहोरा | नियमित रु. | असूल गर्ने रु. | पेश्की बाकी रु. | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | **स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ६५ मा माल सामानको लागत अनुमान नियम ६६ को परामर्श सेवाको लागत अनुमान र नियम ६७ मा अन्य सेवाको लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था भएकोमा सोको पालना भएको नदेखिदा पालना गर्न सुझाव दिइएको छ ।** | | | | |
| | | | **लेखापरीक्षणको सिलसिलामा निम्नानुसारको रकम प्रमाण पेश भए अनुसार सम्परीक्षण गरिएको छ ।** | | | | |
| | **३३९** | **२०७२÷०३÷३१** | **जिवन सिंह के.सी.ले २०७१÷०८÷१९ मा रु.१८३०० नगद जम्मा गरेकोले निजको आ.व. २०६२÷०६३ को चालु खर्च तर्फ, पेश्की २३००।- र पूँजी गत खर्च तर्फ रु.१६०००।- सम्परिक्षण भयो ।** | | | | |
| | | | **सृजना टोल विकास संस्था रामग्राम न.पा. १ पेश्की रु. ९०००।०० असूल उपर भएकोले सम्परिक्षण गरिएको** | | | | |
| | **३४०** | **२०७२÷०३÷३१** | **खेम बहादुर थारुको आ.व. २०६२÷०६३ को पेश्की बेरुजु रु.१०००।- र.नं.०३००४ मिति २०७१÷०९÷१४ मा नगद दाखिला भएकोले सम्परीक्षण भयो ।** | | | | |
| ५ | | | म्याद नाघेको पेश्की बाकी तथा अन्य बेरुजू नदेखिएको । | | | | |
| | | | ***जम्मा*** | ११८०७५।५० | १०५०।०० | ०।०० | ११९१२५।५० |

आ.व. : ०७१/७२

ब.शि.नं. : विभिन्न कोषहरु

मन्त्रालय : स्थानिय विकास मन्त्रालय

कार्यालय : रामग्राम नगरपालिका कार्यालय नवलपरासी

अवधि : ०७१ श्रावण १ गते देखि ०७२ अषाढ मसान्त सम्म

कार्यालय प्रमूख : जीवन ज्ञवाली / रोशन ज्ञवाली

लेखाअधिकृत : कुन्दन कुमार चौधरी

## बेरुजु विवरण

| सि.नं. | गो.भौ.नं. | मिति | व्यहोरा | अल्या | चालु आ.व.को आय | चालु आ.व.को व्यय | चालु आ.व.को लगानी | बैक वांकी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | मानव संसाधन बिकास कोष | | ६१४५२।०० | | | ६१४५२।०० | |
| | | | कर्मचारी कल्याण कोष च.हि.नं. ५१०२ ग ५/१ | १३२५५८।०० | | | | १३२५५८।०० | |
| १ | | | कर्मचारी कल्याण कोष ब.हि.नं. १३३३७ | ५६८३६३।४६ | ११५८४७८।०४ | | ५०००००।०० | १२२६८४१।५० | |
| | | | मर्मत संभार कोष | ९६१४८४।८१ | ३५००००।०० | १८६६३१।०० | ०।०० | ११२४८५३।८१ | |
| | | | वातावरण संरक्षण विशेष कोष | | ५०००००।०० | १४५६२३।१२ | | ३५४३७६।८८ | |
| | | | प्रकोप व्यवस्थापन कोष | ४२२८४८।९५ | १०००००।०० | १२३०५५।०० | ०।०० | ३९९७९३।९५ | |
| | | | सामाजिक परिचालन तथा गरिवी न्यूनीकरण कोष | ३००२४८७।९६ | १७५७६५।०० | ३५००६१।०० | २२४१८०२।०० | ५८६३८९।९६ | ऋण लगानी समेत |
| २ | | | म्याद नाघेको पेश्की बाकी तथा अन्य बेरुजू नदेखिएको । | | | | | | |

आ.व. ०७१/७२

कार्यालय प्रमूख : जीवन ज्ञवाली / रोशन ज्ञवाली

ब.शि.नं. : ३६५८१९३ (स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम)

लेखाअधिकृत : कुन्दन कुमार चौधरी

मन्त्रालय : स्थानिय विकास मन्त्रालय

कार्यालय : रामग्राम नगरपालिका कार्यालय नवलपरासी

अवधि : ०७१ श्रावण १ गते देखि ०७२ असाढ मसान्त सम्म

## बेरुजु विवरण

| सि.नं. | गो.भौ.नं. | मिति | व्यहोरा | नियमित रु. | असूल गर्ने रु. | पेश्की बाकी रु. | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | | | स्थानीय निकाय सशर्त चालु अनुदान बजेट रकम नं. २६३१२ तर्फ यस वर्ष विनियोजित बजेट रु. ८३३६१००।०० निकासा बजेट रु. ८०४८९८४।९७ प्राप्त भई सोही वर्षमा रु. ८०४८९८४।९७ खर्च भएको देखियो । अन्य कार्यक्रम खर्चमा रकम नं. २२५२२ मा विनियोजित बजेट रु. ७५०००।०० मा रु. ७५०००।०० निकासा भई रु. ७५०००।०० खर्च भएको पाईयो । दुबै रकम नं. को जम्मा बजेट विनियोजन रु. ८४११९००।००, निकासा रु. ८१२३९८४।९७ र खर्च रु. ८१२३९८४।९७ भएको पाईयो । | | | | |
| | | | म्याद नाघेको पेश्की बाकी तथा अन्य बेरुजू नदेखिएको । | | | | |
| | | | ***जम्मा*** | ०।०० | ०।०० | | |

आ.व. ०७१/७२

कार्यालय प्रमूख : जीवन ज्ञवाली / रोशन ज्ञवाली

ब.शि.नं. : ३६५८४६३ (वातावरण मैत्री स्थानीय शासन कार्यक्रम)

लेखाअधिकृत : कुन्दन कुमार चौधरी

मन्त्रालय : स्थानिय विकास मन्त्रालय

कार्यालय : रामग्राम नगरपालिका कार्यालय नवलपरासी

अवधि : ०७१ श्रावण १ गते देखि ०७२ असाढ मसान्त सम्म

## बेरुजु विवरण

| सि.नं. | गो.भौ.नं. | मिति | व्यहोरा | नियमित रु. | असूल गर्ने रु. | पेश्की बाकी रु. | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | | | वातावरण स्थानीय शासन कार्यक्रममा विनियोजीत बजेट रु. १२९२००००।०० रहेकोमा निकासा रु. १२९२००००।०० प्राप्त भई रु. १०७७३००७१।७९ खर्च भई रु. २१८९९२८।२१ बैंक मौज्दात बाकी रहेको पाईयो । | | | | |
| | | | म्याद नाघेको पेश्की बाकी तथा अन्य बेरुजू नदेखिएको । | | | | |
| | | | ***जम्मा*** | ०।०० | ०।०० | | |

आ.व. ०७१/७२
ब.शि.नं. : आन्तरिक आय
मन्त्रालय : स्थानिय विकास मन्त्रालय
कार्यालय : रामग्राम नगरपालिका कार्यालय नवलपरासी
अवधि : ०७१ श्रावण १ गते देखि ०७२ अषाढ मसान्त सम्म

कार्यालय प्रमूख : जीवन ज्ञवाली / रोशन ज्ञवाली
लेखाअधिकृत : कुन्दन कुमार चौधरी

## बेरुजु विवरण

| सि.नं. | गो.भौ.नं. | मिति | व्यहोरा | नियमित रु. | असूल गर्ने रु. | पेश्की बाकी रु. | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | सबै आम्दानी कम्प्युटरमा राखिएकोमा प्रत्येक दिनको, महिनाको, र वर्षको विवरण प्रिण्ट गरी सम्बन्धित अधिकृतबाट प्रमाणित गराई राख्नु पर्नेमा राखेको नदेखिदा राख्न सुझाव दिईएको छ । | | | | |
| | | | आ.व. ०७०/७१ मा रामग्राम नगरपालिका परासीको कुल आय व्यय तथा बाकीको विवरण अनुसूचि २७ बमोजिम भए गरेको पाईयो । | | | | |

आ.व. ०७१/७२

ब.शि.नं. : राजश्व बाडफाड

मन्त्रालय : स्थानिय विकास मन्त्रालय

कार्यालय : रामग्राम नगरपालिका कार्यालय नवलपरासी

अवधि : ०७१ श्रावण १ गते देखि ०७२ असाढ मसान्त सम्म

कार्यालय प्रमूख : जीवन ज्ञवाली / रोशन ज्ञवाली

लेखाअधिकृत : कुन्दन कुमार चौधरी

## बेरुजु विवरण

| सि.नं. | गो.भौ.नं. | मिति | व्यहोरा | नियमित रु. | असूल गर्ने रु. | पेश्की बाकी रु. | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | | | राजश्व बाडफाड (रजिष्ट्रेशन शुल्क) मा विनियोजित बजेट रु.४००००००।००, निकासा रु. ३७९३२२६।२५ र खर्च रु. ३३७७०४६६।९९ पूजीगत खर्च भएको पाईयो । | | | | |
| २ | | | म्याद नाघेको पेश्की बाकी तथा अन्य बेरुजू नदेखिएको । | | | | |

आ.व. ०७१/७२

ब.शि.नं. : सडक वोर्ड नेपाल

मन्त्रालय : स्थानिय विकास मन्त्रालय

कार्यालय : रामग्राम नगरपालिका कार्यालय नवलपरासी

अवधि : ०७१ श्रावण १ गते देखि ०७२ अषाढ मसान्त सम्म

कार्यालय प्रमूख : जीवन ज्ञवाली / रोशन ज्ञवाली

लेखाअधिकृत : कुन्दन कुमार चौधरी

## बेरुजु विवरण

| सि.नं. | गो.भौ.नं. | मिति | व्यहोरा | नियमित रु. | असूल गर्ने रु. | पेश्की बाकी रु. | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | | | सडक वोर्ड नेपाल कार्यक्रममा यस वर्ष रु.४००००००।०० बजेट विनियोजन भई रु.३९७२८६८।०० निकासा मध्ये यस आ.व.मा रकम रु.३९७२८६८।०० खर्च भई | | | | |
| २ | | | म्याद नाघेको पेश्की बाकी तथा अन्य बेरुजू नदेखिएको । | | | | |
| | | | | ०।०० | ०।०० | | |

आ.व. ०७१/७२

ब.शि.नं. : धरौटी तर्फ

मन्त्रालय : स्थानिय विकास मन्त्रालय

कार्यालय : रामग्राम नगरपालिका कार्यालय नवलपरासी

अवधि : ०७१ श्रावण १ गते देखि ०७२ असाढ मसान्त सम्म

कार्यालय प्रमुख : जीवन ज्ञवाली / रोशन ज्ञव

लेखाअधिकृत : कुन्दन कुमार चौधरी

## बेरुजु विवरण

| सि.नं. | गो.भौ.नं. | मिति | व्यहोरा | नियमित रु. | असूल गर्ने रु. | पेश्की बाकी रु. | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | गत वर्षको अल्या. ३२८८६५०।१० र चालू आ.व.मा प्राप्त रु.२७१४४८७।०० गरी जम्मा रु.६००३१३७।१० धरौटी रहेकोमा नियमानुसार रु. ११८७०४६।००फिर्ता भएको र सदर स्याहा गर्नु पर्ने अवस्था नरहेकोले वांकी रकम रु.४८१६०९१ बैंक मौज्दात मात्र रहेको देखिन्छ । | | | | | |
| | | | | | | | | |

त्राली